कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

| वर्ष: २६ | अंक: १ | वि.सं. २०८३ | वैशाख | १ | मंगलवार | नेपाल संवत: ११४५, | वैशाख कृष्णपक्ष द्वादशी | Tuesday | 14 | April | 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ |- |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

### २०८२ लाई फर्केर हेर्दा :

# राजनीतिक उथलपुथल र अर्बौं क्षति व्यहोरेको वर्ष



**ओम शाही**
**सुर्खेत, ३० चैत ।**

सोमबारबाट नेपाली वर्ष २०८२ समाप्त भई नयाँ वर्ष २०८३ प्रारम्भ भएको छ। नेपाल र नेपालीका लागि वर्ष २०८२ राजनीतिक र आर्थिकरुपमा निकै तनावपूर्ण बन्यो। नेपालमा २३-२४ भदौको विध्वंससँगै विश्व भूराजनीतिमा आएको उतारचढाव, खासगरी खाडी मुलुकमा चर्किएको युद्धले आर्थिक क्षेत्र थप आक्रान्त बन्न पुग्यो।

तेल, सुनचाँदीको मूल्यसँगै यो वर्ष अमेरिकी डलरको विनियमदरमा समेत ठूलो परिवर्तन आएको छ, जसको असर नेपाली अर्थबजारमा पऱ्यो। तथापि, राजनीतिक वृत्तमा आएको परिवर्तनसँगै फेरिएको सत्तासमीकरणले आउँदा वर्षका लागि केही आशाका सञ्चार पनि गराएका छन्।

यो वर्ष इतिहासले कहिल्यै भुल्न नसक्ने तर आर्थिकसँगै राजनीतिक क्षेत्रमा एकैपटक ठूलो परिवर्तन ल्याउनेगरी जेन-जी आन्दोलन भयो। २३ भदौको आन्दोलन रक्तपातपूर्ण बनेपछि २४ भदौमा ठूलो विध्वंस भयो। जसका कारण नेपालमा ठुलो राजनीतिक परिवर्तन भयो। जेन-जी आन्दोलकै कारण आफुलाई पुराना र बलिया शक्ति ठान्ने नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) लाई ठुलो धक्का पुग्न गयो।

जेन-जी आन्दोलबाट कर्णाली पनि अछुतो रहन सकेन। आन्दोलनका कारण कर्णालीमा सार्वजनिक तथा निजी भौतिक संरचनामा तोडफोड र आगजनीले २१ करोड १० लाख ५६ हजार सात सय ४६ रुपैयाँ बराबरको क्षति पुग्यो। जसमा संघ र प्रदेशका निकायमा १० करोड १९ लाख ६९ हजार तीन सय ४६ र वीरेन्द्रनगर नगरपालिका तथा मातहतका वडा कार्यालयमा १० करोड ९० लाख ८७ हजार चार सय रुपैयाँ बराबरको क्षति भएको छ।

सबैभन्दा बढी क्षति कर्णाली प्रदेशसभा सचिवालयमा भयो। कर्णाली प्रदेश सरकार मातहतको प्रदेशसभा सचिवालयका भवन, कोठा, फर्निचर, फिक्चर्स, कम्प्युटर, इलेक्ट्रोनिक्स, सवारीसाधन र अन्य सामग्रीमा तीन करोड ९४ लाख १६ हजार तीन सय ९४ रुपैयाँ ४८ पैसा बराबरको क्षति पुगेको थियो।

त्यस्तै, प्रदेशकै निकायअन्तर्गत प्रदेश लेखा नियन्त्रक कार्यालयमा एक करोड ३२ लाख १६ हजार ६१ रुपैयाँ ८७ पैसा बराबरको भवन तथा कोठा, फर्निचर, फिक्चर्स, कम्प्युटर तथा इलेक्ट्रोनिक्स, सवारीसाधन, सरकारी कागजात, नगद/बहुमुल्य धातुमा क्षति पुगेको थियो। सामाजिक विकास मन्त्रालयको तीन लाख ५९ हजार नौ सय रुपैयाँ पर्ने कर्णाली प्रदेश ०२-००२ प ९८५० नम्बरको मोटरसाइकल पूर्णरुपमा जलेर नष्ट भएका थिए। यस्तै, मुख्य न्यायाधीवक्ताको कार्यालयका दुई वटा चारपाङ्ग्रे सवारी पनि आन्दोलनकारीको तोडफोड र आगजनीका कारण पूर्णरुपमा जलेर नष्ट भएका थिए।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गरिएको तोडफोड र आगजनीले एक करोड ७९ लाख बराबरका भवन, कोठाहरू, फर्निचर तथा फिक्चर्स, कम्प्युटर तथा इलेक्ट्रोनिक्स सामग्रीमा क्षति पुग्न गयो। सार्वजनिक विवरणअनुसार संघीय सरकार मातहतका ६ निकायमा पनि ठूलो क्षति भएको थियो। जसनुसार जिल्ला समन्वय समितिको कार्यालयमा चार लाख ३० हजार बराबरको क्षति भएको थियो।

त्यस्तै, सडक डिभिजन कार्यालय सुर्खेतको बा १ भ ९४२८ नम्बरको पिकअप भ्यानमा आन्दोलनकारीले चार लाख ४० हजार बराबरको क्षति पुऱ्याएका थिए। यस्तै, नापी कार्यालय सुर्खेतमा तोडफोड र आगजनीले दुई करोड ६३ लाख ६० हजार नौ सय ९० रुपैयाँ बराबरको क्षति पुगेको थियो।

संघीय सरकार मातहतकै भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यालयमा चार लाख १० हजार रुपैयाँ बराबरको क्षति भएको थियो। यस्तै, वीरेन्द्रनगर नगरपालिकामा दुई करोड ४६ लाख ३९ हजार रुपैयाँ बराबरको क्षति भएको छ। नगरपालिकाअन्तर्गतका वडा नम्बरमा १ मा २५ लाख, २ मा ३९ लाख ६० हजार पाँच सय, ३ मा एक करोड ६५ लाख, ४ मा ८५ लाख ३५ हजार, ५ मा ४६ लाख ७५ हजार, ६ मा एक करोड ३७ लाख ७४ हजार, ७ मा १८ लाख ९६ हजार, ८ मा एक करोड ४८ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भएको छ। यस्तै, वडा नम्बर ९ मा ३९ लाख ६० हजार एक सय , १० मा ३५ लाख २५ हजार नौ सय, ११ मा ४१ लाख ४३ हजार चार सय र १२ नम्बर वडामा ६१ लाख ७३ हजार पाँच सय रुपैयाँ बराबरको क्षति भएको थियो

> "संघीय सरकार मातहतकै भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यालयमा चार लाख १० हजार रुपैयाँ बराबरको क्षति भएको थियो।

### दुई वर्ष अगावै चुनाव

जेन-जी आन्दोलनको कारण आगामी वर्ष, २०८४ मा प्रदेशसहित संघीय संसदको निर्वाचन हुनुपर्नेमा करिब डेढ वर्षअघि नै मुलुक आम निर्वाचनमा होमियो। सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरिसकेको छ। तर आपत्कालीन मध्यावधि निर्वाचनमा होमिँदा मुलुकले करिब २० अर्ब रुपैयाँको अतिरिक्त भार बोक्नु परेको छ। निर्वाचन खर्चबापत सरकारी तवरबाट १९ अर्ब २१ करोड रुपैयाँ खर्च भएको प्रारम्भिक रिपोर्ट छ।

तथापि, यो तथ्यांक अर्थ मन्त्रालयले चुनावी प्रक्रियाका लागि निर्वाचन आयोग, रक्षा मन्त्रालय र गृह मन्त्रालय अन्तर्गतका दुईवटा सुरक्षा निकायलाई मात्र उपलब्ध गराएको खर्च हो। अर्थले चुनावका लागि निर्वाचन आयोगलाई ६ अर्ब ७२ करोड रुपैयाँ खर्चको स्रोत सुनिश्चितता गरेको थियो भने रक्षा मन्त्रालय अन्तर्गत (नेपाली सेना)लाई १ अर्ब ९९ करोड रुपैयाँ र गृह मन्त्रालयअन्तर्गत जनपथ प्रहरी र सशस्त्र प्रहरीलाई गरी ११ अर्ब ४९ करोड रुपैयाँ खर्च विनियोजन गरेको थियो। यो खर्च डेढ वर्षपछि हुनेमा जेन-जी आन्दोलनका कारण अघि नै गर्नुपरेको छ, जसले राज्यमाथि व्ययभार (खर्च) बढाएको छ।

## गुराँस गाउँपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृतविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**युग संवाददाता**
**काठमाडौं, ३० चैत ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दैलेखको गुराँस गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत दीपक कुमार आचार्य र निर्माण व्यवसायी सुवास कार्कीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

गाउँपालिका अन्तर्गतको कर्णाली नदी र लोहरेखोला क्षेत्रबाट ढुङ्गा, बालुवा तथा गिट्टी उत्खननको ठेक्कामा २२ लाख ४४ हजार ५०० रुपैयाँ राजस्व हिनामिना गरेको आरोपमा उनीहरूविरुद्ध सोमबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको हो।

आर्थिक वर्ष २०७८/७९ को ठेक्कामा प्रमुख प्रशासकीय अधिकृत आचार्य र आर.के. कन्स्ट्रक्सनका सञ्चालक कार्कीबीचको मिलेमतोमा बैंक ग्यारेन्टी नलिई र नियमअनुसार बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर (भ्याट) समेत दाखिला नगरी सम्झौता गरिएको अख्तियारको अनुसन्धानबाट खुलेको अख्तियारले जनाएको छ। सम्झौता बमोजिमको रकम र राजस्व सरकारलाई नबुझाई गाउँपालिकालाई हानी नोक्सानी पुऱ्याएको पुष्टि भएपछि उनीहरूलाई प्रतिवादी बनाइएको हो।

अख्तियारले दुवै प्रतिवादीसँग जनही २२ लाख ४४ हजार ५०० रुपैयाँ बिगो दाबी गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम बिगो अनुसारको जरिवाना र कैद सजायको मागदाबी गरेको छ। यो मुद्दा विशेष अदालतमा दर्ता गरिएको प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए।

## रोजगारी सृजना गर्न २७ युवालाई उद्यमशिलता तालिम

**सरला सुवेदी**
**बाँके, ३० चैत ।**

वैदेशिक रोजगारीको अनुभव बोकेर स्वदेश फर्किएका युवाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले कोहलपुर नगरपालिकाले उद्यमशीलतामुखी पहल सुरु गरेको छ। रोजगारीको खोजीमा विदेश पुगेका तर अब स्वदेशमै सम्भावना खोज्न चाहने २७ जना स्थानीय युवालाई लक्षित गर्दै पाँच दिने उद्यमशीलता विकास तालिम सफलतापूर्वक सम्पन्न गरिएको छ।

कोहलपुर नगरपालिका अन्तर्गतको रोजगार सेवा केन्द्रद्वारा आयोजित उक्त तालिम स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई उत्पादनशील क्षेत्रमा आबद्ध गराउने लक्ष्यका साथ सञ्चालन गरिएको रोजगार संयोजक आशिष बर्माले जानकारी दिए। उनका अनुसार, तालिमले सहभागीहरूलाई स्वदेशमै उद्यम सुरु गर्न प्रेरित गर्ने अपेक्षा गरिएको छ।

तालिम आप्रवासी श्रमिक संरक्षण सञ्जाल, बाँकेको सहकार्य तथा 'दिगो तथा सम्मानित रोजगारीका लागि सीप' परियोजनाको आर्थिक साझेदारीमा सम्पन्न भएको हो। कार्यक्रमअन्तर्गत सहभागीहरूलाई व्यावसायिक योजना निर्माण, उपयुक्त व्यवसाय छनौंट गर्ने तरिका,

बाँकी २ पेजमा

नववर्ष २०८३ सालको पावन अवसरमा सम्पूर्ण पाठकवर्ग, लेखक, विज्ञापनदाता, कर्मचारी तथा शुभेच्छुकहरूमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं।

**युगआह्वान राष्ट्रिय दैनिक**
वीरेन्द्रनगर-१२, सुर्खेत,

**लोकतन्त्र दिवस, २०८३**

- संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- भ्रष्ट्राचार र अन्यायका विरुद्ध सचेत रहौं,
- लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं।

**सबल लोकतन्त्र, समृद्ध राष्ट्र।**

नेपाल सरकार
विज्ञापन बोर्ड

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# मिडियामाथिको आर्थिक बहिष्करण फिर्ता लेऊ ?

नेपालको संविधानले प्रत्येक नागरिकलाई सुसूचित हुने हक र सञ्चारमाध्यमलाई पूर्ण प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । लोकतन्त्रमा राज्यका सूचनाहरू नागरिकसम्म पुऱ्याउने मुख्य सेतुका रूपमा निजी सञ्चारमाध्यमले ऐतिहासिक भूमिका खेल्दै आएका छन् । तर पछिल्लो समय सरकारले सरकारी विज्ञापन र सूचनाहरू केवल सरकारी सञ्चारमाध्यममा मात्र सीमित गर्ने जुन निर्णय गरेको छ, यसले निजी सञ्चार माध्यममाथि 'अघोषित आर्थिक बहिष्करण' मात्रै सुरु भएको छैन, यसले नागरिकको सूचना पाउने दायरालाई समेत संकुचित बनाइदिएको छ । सरकारले विज्ञापनमा भइरहेको बेथिति र भ्रष्टाचार रोक्ने नाममा यो कदम चालेको दाबी गरेको छ । तर यो तर्क आफैँमा विरोधाभासपूर्ण र हास्यास्पद छ । विज्ञापन वितरणमा यदि अनियमितता वा विचौलियाको चलखेल छ भने त्यसको समाधान संयन्त्रलाई पारदर्शी बनाउनु र दोषीलाई कारबाही गर्नु थियो ।

तर 'घरभित्र चोर पस्यो भन्दैमा चोर समात्नुको साटो घरमै आगो लगाउने' शैलीमा सिङ्गो निजी सञ्चार क्षेत्रलाई नै सूचना र विज्ञापनबाट वञ्चित गर्नुले सरकारको नियतमाथि गम्भीर प्रश्न उठाएको छ । के सरकार आफ्ना ठेक्कापट्टा र बोलपत्रका सूचनाहरू सीमित सरकारी माध्यममा मात्र राखेर आफ्ना निकट ठेकेदार र निश्चित वर्गलाई मात्र पोस्न चाहन्छ ? यो प्रश्न अहिले आम रूपमा उब्जिएको छ । लोकतान्त्रिक मुलुकमा नागरिकले आफूलाई मन पर्ने र पहुँचमा भएको जुनसुकै माध्यमबाट सूचना प्राप्त गर्न पाउनुपर्छ । सरकारी सूचनाका लागि नागरिकलाई एउटै ढोका (सरकारी सञ्चारमाध्यम) मा मात्र निर्भर बनाउनु उनीहरूको अधिकार खोस्नु सरह हो । समाचारका स्रोतहरू फरक हुन सक्छन्, तर सार्वजनिक सरोकारका सूचना र विज्ञापनको स्रोतमा विभेद हुनु संविधानको मर्म विपरीत छ । विज्ञापन नियमन गर्ने ऐन, २०७६ र नियमावली २०७७ का विभिन्न प्रावधानहरूले स्पष्ट रूपमा विज्ञापनको उचित व्यवस्थापनको परिकल्पना गरेका छन् ।

साथै, संविधानको धारा १७, १८ र १९ ले दिएको अभिव्यक्ति स्वतन्त्रता र समानताको हकलाई सरकारको यो निर्णयले ठाडो चुनौती दिएको छ । मिडिया उद्योग केवल सूचनाको संवाहक मात्र होइन, यो एउटा ठूलो आर्थिक चक्र पनि हो । सरकारी विज्ञापन र सूचनामा लगाइएको यो बन्देजले निजी मिडिया मात्र होइन, यससँग जोडिएका मुद्रण, कुरियर, हकर व्यवसायदेखि आन्तरिक रोजगारीसम्मलाई प्रत्यक्ष असर पार्ने निश्चित छ । यसले पत्रकारिता अध्ययन गरिरहेको नयाँ पुस्तामा समेत नैराश्यता पैदा गर्नेछ । सुशासनको दुहाइ दिएर सत्तामा पुगेको सरकारले भ्रष्टाचार निर्मूल पार्न तर्फ लाग्नुपर्नेमा उल्टै स्वतन्त्र प्रेसको घाँटी निमोठ्ने कार्यमा लाग्नु बिडम्बनापूर्ण छ । प्रेस स्वतन्त्रतालाई आर्थिक रूपमा कमजोर बनाएर मात्र नियन्त्रण गर्न सकिन्छ भन्ने सरकारको यो सोच तानाशाही प्रवृत्तिको उपज हो । सरकारले यो विभेदकारी निर्णय तत्काल सच्याउनुपर्छ । विज्ञापनमा रहेको अनियमितता रोक्न विचौलिया तन्त्रको अन्त्य गरियोस्, तर सूचनाको हक र प्रेस स्वतन्त्रताको संकुचन गरेर लोकतन्त्रको उपहास नगरियोस् ।

# चन्द्रमातर्फ फर्किएको मानवता–आर्टेमिस–२ ले सम्झाएको साहस



✍ डा. परशुराम दाहाल



संयुक्त राज्य अमेरिकाले मानवसहितको चन्द्र अभियानतर्फ ऐतिहासिक सफलता हासिल गरेको छ । अमेरिकी अन्तरिक्ष संस्था नासाले सञ्चालन गरेको आर्टेमिस-२ अभियान सन् २०२६ अप्रिल १ मा फ्लोरिडास्थित केनेडी अन्तरिक्ष केन्द्रबाट सफलतापूर्वक प्रक्षेपण गरेको थियो र अब यो मिसन सुरक्षित रूपमा पूरा भएको छ । स्पेस लन्च सिस्टम (एसएलएस) नामको अत्यन्त शक्तिशाली रकेटले ओरायन नामक मानव बोकेको क्याप्सुललाई पृथ्वीको गुरुत्वाकर्षण प्रभावबाट माथि उठाएर अन्तरिक्षतर्फ पठाएको थियो, जसले चन्द्रमातर्फको यात्रालाई सफल सुरुआत दिएको थियो ।

आर्टेमिस-२ चन्द्रमामा अवतरण गर्ने अभियान थिएन, तर मानिसलाई चन्द्रमाको नजिकसम्म पुऱ्याएर सुरक्षित रूपमा पृथ्वीमा फर्काउने उद्देश्य बोकेको एक अत्यन्त महत्वपूर्ण परीक्षण अभियान थियो । यस अभियानमा चार जना अन्तरिक्ष यात्री सहभागी थिए–रिड वाइजम्यान, भिक्टर ग्लोभर, क्रिस्टिना कोच र जेरेमी हेन्सन । क्रिस्टिना कोच यस टोलीकी एक मात्र महिला थिइन् भने अरू तीन जना पुरुष थिए । जेरेमी हेन्सन क्यानडाका अन्तरिक्ष यात्री भएकाले यो अभियान अन्तरराष्ट्रिय सहकार्यको पनि सुन्दर उदाहरण बनेको छ ।

यो यात्राको सम्पूर्ण योजना अत्यन्त सावधानीपूर्वक बनाइएको थियो र त्यसले आफ्नो उद्देश्य सफलतापूर्वक पूरा गऱ्यो । प्रक्षेपणपछि अन्तरिक्षयानले पृथ्वी वरिपरि आफ्नो बाटो मिलायो, त्यसपछि मुख्य इञ्जिनको सहायताले चन्द्रमातर्फ प्रस्थान गऱ्यो । फर्किने क्रममा भने पृथ्वी र चन्द्रमाको गुरुत्वाकर्षणलाई कुशलतापूर्वक उपयोग गर्ने गरी बनाइएको उडान-पथकै कारण यान स्वाभाविक रूपमा पृथ्वीतर्फ फर्कियो । यही वैज्ञानिक योजना र सूक्ष्म गणनाले यो मिसनलाई सफल अवतरणसम्म पुऱ्यायो ।

नासाका विवरणअनुसार आर्टेमिस-२ ले ६ अप्रिल, २०२६ मा चन्द्रमाको सबैभन्दा नजिकको चरण पार गरेको थियो । यही क्रममा यसले मानवसहितको अन्तरिक्ष उडानमा पृथ्वीबाट सबैभन्दा टाढा पुग्ने नयाँ कीर्तिमान कायम गऱ्यो । यसअघि अपोलो-१३ ले बनाएको पुरानो कीर्तिमानलाई यसले तोड्यो । ओरायन क्याप्सुल चन्द्रमाको सतहबाट करिब चार हजार ६७ माइल नजिकबाट गुज्रिएको थियो र त्यसबेला पृथ्वीबाट यसको दूरी करिब दुई लाख ५२ हजार ७६० माइल पुगेको थियो । यस उपलब्धिले मानव अन्तरिक्ष यात्राको इतिहासमा नयाँ अध्याय थपेको छ ।

गतिको दृष्टिले पनि यो अभियान अत्यन्त उल्लेखनीय रह्यो । प्रक्षेपणका बेला एसएलएस रकेटले यानलाई पृथ्वीको आकर्षणबाट मुक्त हुन आवश्यक तीव्र गति प्रदान गरेको थियो । यात्राका क्रममा यसको गति परिस्थितिअनुसार बदलिँदै गयो–कहिले बढ्यो, कहिले घट्यो । पृथ्वीमा फर्किने बेला पुनः प्रवेशअघि यसको अधिकतम गति करिब २३ हजार ८६४ माइल प्रतिघण्टा पुगेको बताइएको छ । पृथ्वीको वायुमण्डलमा प्रवेश गर्दा यो ध्वनिको गतिभन्दा करिब ३५ गुणा छिटो थियो । त्यसपछि ताप-प्रतिरोधी ढाल र प्यारासुट प्रणालीको सहायताले यसको गति क्रमशः घटाइयो र अन्ततः सुरक्षित अवतरण सम्भव भयो ।

आर्टेमिस-२ चन्द्रमाको कक्षामा लामो समय बस्ने अभियान थिएन । यो चन्द्रमाको नजिक पुग्यो । त्यसको गुरुत्वाकर्षणको सहारा लियो र फेरि पृथ्वीतर्फ फर्कियो । चन्द्रमाको पछाडिपट्टि पुगेका बेला केही समय पृथ्वीसँग सम्पर्क टुटेको थियो किनकि चन्द्रमाले सङ्केत छेकेको थियो । त्यसपछि यानले पुनः पृथ्वी फर्किने बाटो समात्यो, र साना इञ्जिनहरू प्रयोग गरेर आफ्नो मार्गलाई आवश्यकताअनुसार मिलाउँदै आयो । यही सूक्ष्म नियन्त्रणले यानलाई पृथ्वीको वायुमण्डलमा सही कोणबाट प्रवेश गरायो ।

यस अभियानको अन्तिम अवतरण स्थल जमिन होइन, समुद्र बन्यो । योजनाअनुसार ओरायन क्याप्सुलले पृथ्वीको वायुमण्डलमा पुनः प्रवेश गरेपछि क्यालिफोर्नियाको स्यान डिएगो नजिक प्रशान्त महासागरमा सुरक्षित अवतरण गऱ्यो । अन्तरिक्षबाट पृथ्वीमा फर्किने क्रममा यानको बाहिरी भागमा अत्यन्त उच्च ताप उत्पन्न भएको थियो तर विशेष ताप-प्रतिरोधी ढालले अन्तरिक्षयात्रीहरूलाई त्यसबाट जोगायो । यो चरण अन्तरिक्ष विज्ञानको सबैभन्दा कठिन परीक्षा मानिन्छ र आर्टेमिस-२ ले यसलाई सफलतापूर्वक पार गऱ्यो ।

ओरायन क्याप्सुलभित्र मानिस बाँच्न मिल्ने वातावरण बनाइराख्नु पनि यो मिसनको अर्को ठूलो सफलता रह्यो । अन्तरिक्षको कठोर शून्यतामा हावा, सामान्य दबाब र स्थिर तापक्रम हुँदैन । त्यसैले क्याप्सुलभित्र कृत्रिम रूपमा पृथ्वी- जस्तै वातावरण तयार गरिएको थियो । जीवन-समर्थन प्रणालीले तापक्रम, हावाको दाब, अक्सिजन, चिसोपन र कार्बन डाइअक्साइडको मात्रा सन्तुलनमा राख्यो । बढी भएको कार्बन डाइअक्साइड हटाइयो, हावा सफा राखियो र अन्तरिक्षयात्रीहरूले सुरक्षित रूपमा सास फेर्न सक्ने अवस्था निरन्तर कायम गरियो ।

अन्तरिक्ष यात्रीहरूको दैनिकी पनि अत्यन्त व्यवस्थित रह्यो । उनीहरूले दिनमा तीनपटक विशेष प्रकारको अन्तरिक्ष भोजन खाए, स्वास्थ्य परीक्षण गरे, उपकरण जाँचे, पृथ्वीसँग नियमित सम्पर्क राखे, चन्द्रमाको दृश्य अवलोकन गरे र आवश्यक परे अन्तरिक्षयान आफैँले चलाउने अभ्यास गरे । शून्य गुरुत्वाकर्षणमा सुत्न उनीहरूले आफूलाई विशेष सुत्ने झोलाभित्र बाँधेर विश्राम गरेका थिए । दिसा-पिसाबका लागि विशेष अन्तरिक्ष शौचालय प्रयोग गरिएको थियो । यसले देखायो कि लामो अन्तरिक्ष यात्राका लागि मानव जीवनलाई आवश्यक आधारभूत व्यवस्था अब धेरै परिपक्व भइसकेको छ ।

यस अभियानको कुल यात्रा दूरी करिब छ लाख ९५ हजार माइल आसपास पुगेको अनुमान गरिएको छ । दूरीका हिसाबले यसले अपोलो युगको पुरानो सीमा पार गऱ्यो । अपोलो-१३ ले मानवसहितको उडानमा करिब दुई लाख ४८ हजार ६५५ माइल टाढासम्म पुगेर बनाएको कीर्तिमानलाई आर्टेमिस-२ ले उछिन्यो । यसले केवल अर्को अन्तरिक्ष यात्रा पूरा गरेको होइन, भविष्यमा अझ टाढा मानवलाई पठाउने क्षमता र आत्मविश्वास पनि प्रमाणित गरेको छ ।

आर्टेमिस-२ को महत्व केवल एउटा सफल उडानमा सीमित छैन । यसले भविष्यमा चन्द्रमामा फेरि मानिस उतार्ने योजना, चन्द्रमाको वरिपरि आधार तयार गर्ने लक्ष्य र अझ पछि मङ्गल ग्रहसम्म मानव यात्रा गर्ने दीर्घकालीन सोचलाई बलियो आधार दिएको छ । त्यसैले आर्टेमिस-२ लाई सामान्य मिसन भनेर बुझ्न मिल्दैन । यो मानव जातिले गहिरो अन्तरिक्षतर्फ पुनः विश्वासका साथ अघि बढेको ऐतिहासिक सङ्केत बनेको छ ।

*(लेखक अमेरिकामा एआई वैज्ञानिकका रूपमा कार्यरत हुन्)*

## विश्व

# इरानसँगको युद्धमा सहयोग नपाएको भन्दै नाटोप्रति ट्रम्पको तीव्र असन्तुष्टि



**वासिङ्टन, ३० चैत ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धका क्रममा नाटोबाट अपेक्षित सहयोग नपाएको भन्दै गठबन्धनप्रति तीव्र असन्तुष्टि व्यक्त गरेका छन् । उनले अमेरिकाले वर्षौँदेखि ठूलो आर्थिक र सुरक्षा भार बोकेको दाबी गर्दै अहिलेको व्यवहारले आफूलाई निराश बनाएको बताए ।

ट्रम्पका अनुसार अमेरिकाले युरोपलाई विशेषगरी रुसको खतराबाट जोगाउन खरबौँ डलर खर्च गर्दै आएको छ । तर संकटको घडीमा नाटो सदस्य देशहरूले साथ नदिएको उनको गुनासो छ । 'हामीले नाटोका लागि धेरै खर्च गर्यौं, तर उनीहरू हाम्रो लागि त्यहाँ थिएनन्', उनले भने । अहिले खतरा कम भइसकेपछि सहयोग देखाउन खोज्नुको कुनै अर्थ नरहेको उनले बताए ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार नाटोप्रति ट्रम्पको असन्तुष्टि नयाँ भने होइन । राष्ट्रपति बन्नुअघि नै उनले गठबन्धनको संरचना र सदस्य राष्ट्रहरुको खर्चको असन्तुलनप्रति प्रश्न उठाउँदै आएका थिए । युरोपेली देशहरूले रक्षा क्षेत्रमा पर्याप्त लगानी नगरेको उनको धारणा रहँदै आएको छ । त्यस्तै, ग्रिनल्यान्डलाई अमेरिकामा गाभ्ने प्रस्तावजस्ता विवादास्पद अभिव्यक्तिहरुले पनि उनको दृष्टिकोण झल्काउने गरेको छ ।

ट्रम्पले नाटोको हालको भूमिकालाई कहिल्यै नमेटिने दागका रूपमा चित्रण गर्दै गठबन्धनलाई कागजी बाघ समेत भने । यसै सन्दर्भमा जर्मनीका चान्सलर फ्रेडरिक मर्जले हालको युद्धलाई 'ट्रान्स-अटलान्टिक सम्बन्धको परीक्षा' का रूपमा व्याख्या गरेको बताइएको छ ।

यद्यपि, विश्लेषकहरुका अनुसार ट्रम्पले चाहेर मात्र अमेरिकालाई नाटोबाट बाहिर निकाल्न सक्ने अवस्था छैन । त्यसका लागि अमेरिकी सिनेटमा दुई तिहाइ बहुमत वा कंग्रेसको औपचारिक कानूनी निर्णय आवश्यक पर्छ । साथै, अमेरिकी राजनीतिका दुवै प्रमुख दलमा नाटोप्रति अझै व्यापक समर्थन कायम रहेकाले यस्तो कदम तत्काल सम्भावित देखिँदैन ।

तर पनि ट्रम्पसँग केही रणनीतिक विकल्पहरू भने रहेका छन् । नाटो सन्धिको धारा ५ ले सामूहिक सुरक्षा सुनिश्चित गरे पनि प्रत्येक सदस्यले स्वतः सैन्य हस्तक्षेप गर्नैपर्छ भन्ने बाध्यता छैन । यस्तो अवस्थामा अमेरिकाले सहयोग सीमित गर्न सक्ने सम्भावना रहन्छ । साथै, युरोपभरि तैनाथ करिब ८४ हजार अमेरिकी सैनिक फिर्ता बोलाउने विकल्प पनि खुला छ ।

वाल स्ट्रिट जर्नलको रिपोर्ट अनुसार ट्रम्प प्रशासनले इरानसँगको युद्धका क्रममा असहज ठानिएका देशहरूबाट अमेरिकी सैन्य आधारहरू सार्ने विषयमा समेत विचार गरिरहेको छ । यसले ट्रान्स-अटलान्टिक सम्बन्धमा थप तनाव सिर्जना गर्ने संकेत देखिएको छ ।

## रोजगारी...

सफल उद्यमीका व्यवहार र सीप, साथै पेशागत दक्षता विकासका विषयमा व्यावहारिक प्रशिक्षण प्रदान गरिएको थियो ।

आप्रवासी श्रमिक संरक्षण सञ्जाल, कोहलपुर नगर सञ्जालका अध्यक्ष खड्क बहादुर चन्दको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रममा कोहलपुर नगरपालिकाका आर्थिक विकास समितिका संयोजक अनिता बुढा क्षेत्री, रोजगार संयोजक आशिष बर्मा तथा रोजगार सहायक शिवा परियारको उपस्थिति रहेको थियो ।

तालिममा वरिष्ठ प्रशिक्षकहरू राज बहादुर चौधरी र टोपलाल विकले सहजीकरण गर्नुभएको थियो । साथै, सहभागीहरूलाई उद्यम सञ्चालनका लागि आवश्यक वित्तीय पहुँचबारे जानकारी दिँदै बसोबास महिला बचत तथा ऋण सहकारी संस्थाकी प्रबन्धक शोभा गुरुङले सहकारीमार्फत ऋण लगानी प्रक्रियाबारे स्पष्ट पारे । त्यसैगरी, घरेलु तथा साना उद्योग कार्यालय बाँकेका निमित्त प्रमुख उद्योग अधिकृत मोहन घर्ती मगरले उद्योग दर्ता तथा आबद्धता प्रक्रिया बारे जानकारी गराए भने कोहलपुर नगरपालिकाको आर्थिक विकास शाखाका प्रमुख वीर बहादुर विकले स्थानीय तहमा व्यवसाय दर्ता गर्ने प्रक्रिया सम्बन्धी प्रशिक्षण दिएका थिए ।

तालिमले सहभागीहरूमा उद्यमशीलता विकासप्रति आत्मविश्वास अभिवृद्धि गरेको बताउँदै संयोजक बर्माले यस कार्यक्रमलाई वैदेशिक रोजगारीबाट फर्किएका युवालाई स्वदेशमै अवसर सिर्जना गर्दै आर्थिक समृद्धितर्फ उन्मुख गराउने स्थानीय सरकारको महत्वपूर्ण प्रयासका रूपमा लिन सकिने उल्लेख गरे ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ। श्रमको उचित मूल्य पाइनेछ ।

**वृष** – राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ ।

**मिथुन** – समयको मागअनुसार चल्न नसक्दा व्यवहारमा पछि परिनेछ । सामाजिक कामको जिम्मेवारी बढ्नेछ । सम्भावना देखिए पनि सोचेको उपलब्धि प्राप्त नहुन सक्छ ।

**कर्कट** – गरेका कामबाट फाइदा उठाउन मुस्किलै पर्नेछ । सानातिना काममै अल्झनुपर्दा लक्ष्य प्राप्त नहुन सक्छ । हिसाबकिताबमा होसियार रहनुहोला ।

**सिंह** – मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ । कामको चापबाट फुर्सद पाइनेछ । व्यवसायले मनग्गे आम्दानी दिलाउनेछ ।

**कन्या** – भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ । अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ ।

**तुला** – अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ । कामको मेसो नमिल्दा पछि परिनेछ । अरूका लागि बुद्धि खर्चनुपर्ला ।

**वृश्चिक** – आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ ।

**धनु** – सहयोगीहरूको साथले चिताएका काम सम्पादन हुनेछन् । प्रतिस्पर्धीहरू पछि पर्नेछन् । मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ ।

**मकर** – वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ ।

**कुम्भ** – अवसर प्राप्त भए पनि आत्मविश्वासको कमीले पछि परिनेछ । भेटघाटमा अलमलिनाले आँटेका काममा बाधा हुनेछ ।

**मीन** – अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । छर-छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुपर्ला ।

# कर्णालीमा दोहोरिएर आउँदैनन् पर्यटक




**◣युग संवाददाता**
**सुर्खेत, ३० चैत ।**

कर्णाली प्रदेशमा पर्यटकहरु दोहोरिएर नआउनुमा आतिथ्यताको कमी मुख्य कारण रहेको सरोकारवालाहरुले बताएका छन् । शनिबारबाट जारी कर्णाली उत्सवको सातौं संस्करणको 'घुमिफिरी कर्नाली' सत्रका वक्ताहरुले कर्णाली पर्यटकीय सम्भावनाले भरिएको भएपनि घुम्न आउनेहरु आतिथ्यताकै कारण दोस्रो पटक फर्केर नआउने गरेको बताए ।

दैलेखको गुराँस गाउँपालिकाका अध्यक्ष टोपबहादुर विसीले पर्यटकको स्वागत र आतिथ्यताको कमीले कर्णाली पुगेका ८० प्रतिशले दोस्रो पटक आउदिन भन्ने गरेको दृष्टान्त सुनाए । 'रारा पुगेर फर्किएका ८० प्रतिशत पर्यटकहरूले 'अब अर्को पटक आउँदिन' भन्ने गरेको तितो यथार्थ हामीमाझ छ । बाटोमा दुख पाउनु, महँगो शुल्क तिर्नुपर्नु तर गुणस्तरीय खाना र बसाइ नपाउने समस्याकै कारण पर्यटकहरु दोस्रो पटक फर्केर आउँदैनन,' उनले भने ।

उनले काठमाडौं-नेपालगन्जको हवाई भाडा र काठमाडौं-सुर्खेतको भाडामा रहेको ठूलो भिन्नतालाई कर्णालीको पर्यटन विकासको बाधक भएको दावी गरे । समान दूरी भए पनि सुर्खेतको भाडा दोब्बर हुनुले पर्यटकहरू यहाँ आउन हिचकिचाउँने गरेको उनले बताए ।

'पर्यटकहरूलाई स्थानीय कोदो, फापर र सिमी खुवाउनुको साटो सहरबाट लगिएका चाउचाउ र बिस्कुट खुवाउने प्रवृत्तिले स्थानीय अर्थतन्त्रलाई फाइदा पुगेको छैन । पर्यटकहरूले यहाँको फोहोर मात्र छोडेर जाने तर पैसा खर्च नगर्ने अवस्थाको अन्त्य हुनुपर्छ,' विसीले भने । स्थानीय तहले पर्यटन प्रवर्द्धनका लागि प्रयास थालेपनि स्रोत अभाव झेलिरहेको उनले सुनाए ।

विसीले डाँडाकाँडामा प्राकृतिक दृश्य हेर्न टावर बनाउने होडबाजीको कडा आलोचना गरे । उनका अनुसार टावरबाट देखिने दृश्य र डाँडाबाट देखिने दृश्यमा खासै भिन्नता नदेखिने उल्लेख गर्दै त्यो बजेट पर्यटकीय पूर्वाधारमा खर्चिनुपर्ने धारणा राखे ।

यस्तै, पर्यटन उद्यमी देवराज जैशीले कर्णाली र भेरी नदी विश्वकै उत्कृष्ट राफ्टिङ गन्तव्यमध्येमा पर्ने भएपनि प्रचार प्रसार र पूर्वाधार अभावले लाभ लिन नसकिएको बताए । उनले भने, 'कर्णाली नदी विश्वका उत्कृष्ट पाँच नदीभित्र समेटिएको छ । यति हुँदाहुँदै पनि यस क्षेत्रमा केही गम्भीर समस्याहरू छन् ।' ''रिभर गाइड' केवल डुङ्गा चालक मात्र नभएर उनीहरू प्राथमिक उपचारक, कुक र दोभाषे पनि हुन् । हाल सुर्खेत र कर्णालीमा यस्ता दक्ष गाइडको अभाव छ र बाहिरबाट ल्याउँदा निकै महँगो पर्ने गर्दछ,' जैशीले भने ।

नेपाल पर्यटन बोर्डले गर्ने अन्तर्राष्ट्रिय मेलाहरूमा कर्णालीका उद्यमीहरूको पहुँच पुग्न नसकेको उनले बताए । युरोप वा अमेरिकाका मेलामा स्टल राख्न लाखौं खर्च हुने भएकाले व्यक्तिगत लगानीमा बजारीकरण गर्न सम्भव नभएको उनको भनाई थियो । उनले भने, 'अब मोटा पुस्तक र ब्रोसरको जमाना गइसकेको छ । टिकटक, इन्स्टाग्राम र फेसबुक जस्ता सामाजिक सञ्जालमा कर्णालीलाई 'डिस्कभर कर्णाली' वा 'एडभेन्चर कर्णाली' जस्ता ब्राण्डका नाममा प्रचार गर्न आवश्यक छ ।'

त्यस्तै, सत्रका वक्ता आरोग्य अभियान्ता राधा पौडेलले कर्णालीलाई आरोग्य पर्यटनको केन्द्र बनाउन सकिने सम्भावनाबारे औल्याइन । पौडेलका अनुसार आरोग्य पर्यटन भनेको केवल घुम्नु मात्र होइन । यो व्यक्तिको शारीरिक, मानसिक, आध्यात्मिक, भावनात्मक, सामाजिक र वातावरणीय स्वास्थ्यसँग जोडिएको विषय हो । कर्णालीको स्वच्छ वातावरण, जडीबुटी र प्राकृतिक सुन्दरता यसका लागि सबैभन्दा उपयुक्त छ । उनले कर्णालीमा पाइने अमूल्य जडीबुटीहरूलाई प्रशोधन गरी आयुर्वेदिक उपचारसँग जोड्न सकिने बताइन ।

उनले भनिन्, 'जुम्लाको तातोपानी जस्ता क्षेत्रहरूलाई केवल नुहाउने ठाउँका रूपमा मात्र नभई 'हाइड्रोथेरापी' केन्द्रका रूपमा विकास गर्न सकिन्छ । यसले बाह्य पर्यटकलाई आकर्षित गर्न ठूलो भूमिका खेल्छ ।'

दैलेखको महाबु जस्ता शान्त र उचाइमा रहेका ठाउँहरूमा ध्यान केन्द्र स्थापना गरी पर्यटकहरूलाई कम्तीमा एक हप्ता बस्ने गरीका प्याकेज बनाउँन सकिए आरोग्य पर्यटनबाट लाभ लिन सकिने उनले बताइन । यस्तै, उनले कर्णालीको रैथाने खानपान र जीवनशैली आफैँमा आरोग्यको स्रोत भएको बताउँदै यसलाई पर्यटनसँग जोडेर आर्थिक समृद्धि हासिल गर्न सकिनेमा जोड दिइन ।

**'१० वर्षे गुरुयोजना मुताविक अघि बढेका छौं'**

सत्रका वक्ता रहेका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव अजितकुमार कर्णले कर्णालीको पर्यटन विकासका लागि १० वर्षे दीर्घकालीन गुरुयोजना तयार पोरेर अघि बढेको दावी गरे । यसमा विभिन्न पर्यटकीय गन्तव्यहरूको पहिचान र पूर्वाधार विकासलाई प्राथमिकता दिइएको उनको भनाई छ ।

उनले 'गन्तव्य कर्णाली' मोबाइल एपमार्फत पर्यटकहरूलाई सूचना दिन एक वर्षअघि नै मोबाइल एप निर्माण गरिएको बताए । यसलाई थप परिष्कृत र अपडेट गर्ने काम भइरहेको उनको भनाई छ । 'मोवाइल एपमा होटल, रुट, शुल्क र दूरीको विस्तृत जानकारी रहन्छन्,' सचिव कर्णले भने, 'कर्णालीलाई 'पवित्र र शुद्ध' क्षेत्रका रूपमा ब्राण्डिङ गरिँदैछ । यहाँको अर्गानिक कृषि र प्राकृतिक शुद्धतालाई विश्व बजारमा चिनाउने लक्ष्य सरकारको छ ।'

उनले सन् २०३० सम्म कर्णालीमा वार्षिक १५ लाख आन्तरिक र दुई लाख बाह्य पर्यटक भित्र्याउने महत्वाकांक्षी लक्ष्य सुनाए । हाल पर्यटकको बसाइ औसत चार दिन रहेकोमा त्यसलाई बढाएर १० देखि २१ दिनसम्म पुऱ्याउने योजनासहित प्रदेश सरकार अघि बढेको सचिव कर्णको दावी छ । यसका लागि हवाई उडानलाई सुर्खेतबाट सिधै हिमाली जिल्लाहरूमा जोड्न नागरिक उड्डयन प्राधिकरणसँग समन्वय भइरहेको उनको भनाई छ । पर्यटकीय गन्तव्यसम्म पुग्ने सडक पूर्वाधार निर्माण गर्न भौतिक मन्त्रालयसँग समन्वय गरेर अघि बढिरहेको सचिव कर्णको भनाई छ ।

# कर्णाली नदीको सनकट्टीमा पुल निर्माण अन्तिम चरणमा
# डुङ्गाको सहायतामा नदी तर्नुपर्ने बाध्यता अन्त्य हुँदै

**◣युग संवाददाता**
**टीकापुर, ३० चैत ।**

कैलाली र बर्दिया जिल्ला जोड्ने कर्णाली नदीस्थित सनकट्टी घाटमा पुल निर्माण अन्तिम चरणमा पुगेको छ । विक्रम संवत् २०८३ असोज १७ गतेसम्म पुल निर्माणको काम सक्ने गरी नेपाल सरकारसँग निर्माण कम्पनीसँग सम्झौता भएको र सम्झौता मिति अगाडि नै पुल निर्माण सक्ने गरी काम भइरहेको निर्माण कम्पनीका इञ्जिनियर धिरेन्द्र सहनीले जानकारी दिए ।

"विसं २०७९ पुस महिनामा सम्झौता भएर सर्वेक्षणपछि २०८० मा निर्माण काम सुरु गरेका हौँ, असोजसम्म म्याद भए पनि असार अन्त्यसम्म काम सकेर सरकारलाई बुझाउने गरी काम भइरहेको छ", उनले भने, "सम्झौता मितिभन्दा अगावै नै काम सक्छौँ ।"

चौध पिलरको पुलका सबै पिलर बनिसकेका छन् भने अहिले १२औँ स्पानमा काम भइरहेको छ । अबको १५ दिनभित्र त्यो पनि सकेर १३औँ स्पानको काम सुरु हुनेगरी काम भइरहेको उनको भनाइ छ । स्पानसँगै कैलालीतर्फको भागमा तटबन्धको काम पनि सँगसँगै भइरहेको छ ।

पुलको काम अन्तिम चरणमा पुग्नै लाग्दा अहिले नदी वारपार गर्ने मानिसहरू आधा पुल र आधा नदीको बाटो प्रयोग गरेर नदी वारपार गरिरहेका छन् । नदीको पानी 'डाइभर्सन' गरिएकाले पहिलेको जसरी डुङ्गाको सहायतामा नदी पार गर्नुपर्ने अवस्था नागरिकको अहिले नै टरेको छ । आफ्नै सवारीसाधन प्रयोग गरेर नदी वारपार गरिरहेका कैलालीको टीकापुरका भरत विकले बताए । "रकम तिरेर डुङ्गाको सहायतामा नदी तर्नुपर्ने बाध्यता थियो, अब टरेको छ," उनले भने, "यो पुल निर्माण सकिएमा कैलाली र बर्दियाका नागरिकलाई धेरै राहत हुन्छ ।"

## भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**छिन्चु, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सम्बन्धी सूचना

**मिति:२०८२/१२/३०**

मिति २०८२ /११/१७ गते यस भेरिगंगा नगरपालिकामा तपशिल बमोजिमका कार्यको लागि बिधुतिय बोलपत्र माध्ययम द्वारा सुचना आह्वान गरि मिति २०८२/१२/१८ गते दिनको १२:०० बजे सम्ममा दर्ता भएका बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतको लागि छनौट भएको हुदा सार्बजनिक खरिद (पहिलो शंसोधन) ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्म र ठेगाना | कबोल अंक (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | BGM/IDB/ NCB/2082/083-29 | श्री राष्ट्रिय आधारभूत बिद्यालय भवन निर्माण (शारदा मा.वि. छिन्चु सुर्खेत ) | श्री जय भगवती कन्स्ट्रक्सन, कोहलपुर-८ बाँके | रु ४७,६४,८६५.६०/- | |

प्रमुख प्रशासकीय अधिकृत

## Birendranagar Municipality
## Office Of The Municipal Executive
**Birendranagar, Surkhet**
**Karnali Province, Nepal**

### Invitation For Bids

**(First Date of publication: - 2082.12.30 B.S.)**

१. Birendranagar Municipality Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.

२. Eligible Bidders may obtain further information at the Birendranagar Municipality, Surkhet Phone No: 9858063111 & PPMO website.

| S. N. | Contract No. | Name Of Work | Bid document fee (non-refundable) | Estimated Amount (Excluding VAT & Including PS) | Bid Security Amount | Last Date of Submission | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | NCB/BM/W/ 082/083/69 | Highway Dekhi Aatmagyan Mandir Hudai Neupane Tol Sadak Staronnati, Birendranagar 4, Surkhet | NRs. 3000/- | NRs. 34,58,651.53 | NRs. 86,500.00 | 2083.1.29, 12:00 Hr | 2083.1.29, 14:00 Hr |

**Chief Administrative Officer**

### खानेपानी तथा सरसफाइ योजनाको निर्माण सामाग्री खरिदका लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**(मिति: २०८३ बैशाख ०१ गते)**

प्रस्तुत विषयमा सिम्ता गा.पामा एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपाल, सुन्दर नेपाल सँस्था सुर्खेतको सहिजिकरण र स्थानिय समुदायको सहलगानीमा संचालित यस हेलो धारा परीयोजना अन्तरगत खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कार्य गर्न लागि आवश्यक पर्ने निर्माण सामाग्री खरिद गर्नु पर्ने भएकोले संलग्न विवरणमा (सामाग्रीहरु सुची) उल्लेखित सामाग्रीहरु निम्नानुसारको शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न हुन अनुरोध छ ।

**दरभाउ पत्र सम्बन्धि शर्तहरु:**

**१. दरभाउ पत्रसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

कर चुक्ताको प्रमाण पत्र (२०८१/२०८२) को प्रतिलिपि, भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, घरेलु/वाणिज्य दर्ता प्रमाण पत्रको प्रतिलिपि (आवश्यकता अनुसार थप कागजात पनि माग गर्न सकिने छ ।)

**२. ढुवानी/आपूर्तिका शर्तहरु:**

- खरीदकर्ताबाट खरीद आदेश भएको मितिले १५ दिन भित्र अनिवार्य रुपमा सम्पुर्ण सामाग्रीहरु सिम्ता गा.पा को वडा न ६ को जामुनेवजार सम्म सप्लाई र ढुवानी गर्नु पर्ने छ । सामाग्री ढुवानी गर्दा लाग्ने सम्पुर्ण लोड/अनलोड तथा अन्य खर्च सप्लायर स्वयंले नै व्यहोर्नु पर्नेछ ।
- दरभाउ पत्र पठाउदा सम्पुर्ण सामाग्रीहरुको दर भरी सिलवन्दी गरि पठाउनु पर्नेछ, अन्यथा दरभाउपत्र रद्द गरिनेछ ।
- इकाई दरमा टिपेक्स प्रयोग गरेमा दरभाउ पत्र अमान्य भई रद्द गरिनेछ, दरभाउ उल्लेख गर्दा केरमेट भएमा केरमेट भएको ठाउमा अनिवार्य रुपले आधिकारिक दस्तखत गरी र फर्मको छाप लगाउनु पर्नेछ । अन्यथा दरभाउपत्र मान्य हुने छैन ।
- दरभाउपत्रमा इकाई मुल्य र परिमाणको गुणनफलमा फरक पर्न गएमा इकाई मुल्यलाई आधारमानि तुलनात्मक विवरण तयार गरिनेछ ।
- म्याद नाघी प्राप्त भएका दरभाउ पत्रहरु मान्य हुने छैन र दरभाउ पत्र रद्द गरिनेछ ।
- सामाग्री उपलब्ध गराउदा दिईएको स्पेसिफिकेशन अनुसारको गुणस्तर नभएमा सामाग्री बुझ्न उपभोक्ता समिति वाध्य हुने छैन । उक्त सामाग्रीहरु सप्लायरले आफनै खर्चमा पुन: सप्लाई गर्नु पर्नेछ ।
- दरभाउपत्रको मान्य अवधि ३० सम्म हुनेछ । यस अवधिमा कार्यालयलाई माथि उल्लेखित परिमाण भन्दा थप सामाग्रीहरु आवश्यक भएमा सोही दरमा थप अडर गर्न सक्नेछ ।

**३. भूक्तानी:**

- संलग्न विवरण बमोजिमको सम्पुर्ण सामाग्रीहरु उल्लेखित शर्तहरु पालना गरी पूर्ण रुपमा प्राप्त भइ सकेपछि मात्रै एकान्ट पेयी चेकबाट भुक्तानी गरिने छ । भुक्तानी गर्दा नेपाल सरकारको नियमानुसार कर योग्य रकममा अग्रीम आयकर कट्टीगरी भुक्तानी गरिने छ ।

**४. दरभाउ पत्र पठाउने अन्तिम मिति र ठेगाना:**

- दरभाउपत्र पठाउनु पर्ने अन्तिम मिति र समय : २०८३ बैशाख ८ गते दिउसो १२ बजे भित्र सुन्दर नेपाल सुर्खेतको कार्यालय वीरेन्द्रनगर सुर्खेत ।
- दरभाउपत्र खोल्ने समय : २०८३ बैशाख ८ गते दिउसो १ बजे सुन्दर नेपाल सुर्खेतको कार्यालय बीरेन्द्रनगर सुर्खेत ।

५. दरभाउ पत्र पूर्ण वा आंशिक रुपले स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार यस सुन्दर नेपाल सुर्खेतमा निहित रहनेछ ।

*(नोट : दरभाउपत्र निम्न स्थानमा नि:शुल्क उपलब्ध हुने वा लिङ्कबाट डाउनलोड गर्न सकिने छ ।)*

**सिलवन्दी दरभाउपत्र पाइने स्थान: सुन्दर नेपाल संस्था, वीरेन्द्रनगर, सुर्खेत**

अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्क: www.sundarnepal.org.np

दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०८३-५२३५३० वा ९८४८०४००८४ (लेखा अधिकृत) नं. मा सम्पर्क गर्न सकिनेछ ।

## Sharada Municipality
## Office of The Municipal Executive
**Khalanga, Salyan**

### Invitation for Bids

**IFB No: SMO/NCB/W/04/2082/083**
**Date of First Publication: 2082/12/30 (2026/04/13)**

**1. Sharada Municipality invites electronic bids for eligible bidders**

| Contract No. | Description: | Estimated Amount (Excluding VAT & P.S.) NRs. | Bid Security (NRs.) | Bid Doc. Fee (NRs.) | Bid validity and Bid security Period | Last Date and Mode of Bid Submission |
|---|---|---|---|---|---|---|
| SMO/NCB/W/ 04/2082/083 | Road Maintenance Works From Maisepani To Municipal Building | 3650085.11/- | 1,00,000/- | 3,000/- | shall be 90 Days and 120 Days from last Date of Bid Submission | Electronic bids must be submitted to Sharada Municipality, Salyan through PPMO website www. bolpatra.gov.np/egp. On or before 12:00 Noon. On 2083/01/31, 14th May, 2026). |
| Bank Details to deposit the fee for Bidding document and Bid security | | | | | | |
| Name of Office: Sharada Municipality, Salyan Name of Bank: Nepal Bank Limited,Salyan | | Revenue A/C Number (For Bid Doc.): 07403000001001000001 | Rajaswo Shirshak (revenue) Number: GA.1.1.0.1 | A/C Number for Bid Security: 07403000003000000001 | Office Code Number: 801066003 | |

**Chief Administrative Officer**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

अनौपचारिक क्षेत्रका श्रमिकको सास्ती:
# ज्यालामा असमानता कायमै



**युग संवाददाता**
**कञ्चनपुर, ३० चैत ।**

कञ्चनपुरका अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक अझै पनि जोखिमपूर्ण अवस्थामा काम गर्न बाध्य छन् । इँट्टा उद्योग, निर्माण क्षेत्र, कृषि तथा घरेलु काममा संलग्न श्रमिकले सुरक्षा सामग्री बिना नै खतरायुक्त कार्यमा संलग्न रहँदै आएका छन् । त्यसमा पनि महिला र पुरुषबीच ज्यालामा गहिरो विभेद कायम रहँदा श्रमिकको अवस्था जटिल रहेको छ ।

श्रम ऐन २०७४ तथा अन्तरराष्ट्रिय श्रम सङ्गठनका मापदण्डअनुसार डर, धम्की वा दबाबमा गराइने काम बाध्यकारी श्रमअन्तर्गत पर्छ । तर व्यवहारमा कृषि, निर्माण, घरेलु कामदेखि वैदेशिक रोजगारीसम्म यस्तो अवस्था व्यापक रहेको छ ।

ज्याला रोकिने, ऋणको बहानामा दबाब सिर्जना गर्ने, हिंसा तथा धम्की दिने जस्ता अभ्यासले श्रमिकलाई आफ्नो इच्छाअनुसार काम छान्न वा छोड्न नपाउने अवस्था सिर्जना हुँदै आएको छ । कञ्चनपुर, बर्दिया, सप्तरीमा चार वटा सूचकमा गरिएको एक अध्ययनमा पूर्व कमैया, हलिया र हरवा-चरवा समुदायमा बाध्यकारी श्रमको अवस्था उच्च रहेको देखाएको छ ।

अध्ययनअनुसार करिब ८० प्रतिशत मुक्त कमैया, ८५ प्रतिशत हरवा-चरवा र ६१ प्रतिशत हलिया समुदायमा श्रम स्वतन्त्रताको अभाव रहेको अध्ययनमा रहेको पाइएको छ । समान काम गर्दा पनि महिलाले पुरुषभन्दा झन्डै ३३ प्रतिशत कम ज्याला पाउने, समयमा पारिश्रमिक नपाउने तथा बिदा लिन खोज्दा सजाय भोग्नुपर्ने अवस्था रहेको पाइएको छ । मुक्त बँधुवा श्रमिकमध्ये ४३ प्रतिशतले मात्रै तोकिएको ज्याला पाउने गरेको पाइएको छ ।

अनौपचारिक क्षेत्रमा कार्यरत मुक्त बँधुवा श्रमिकका सङ्गठनको सुदृढीकरण गरी पैरवी र प्रक्रियागत सहभागिता गर्दै बाध्यकारी श्रमविरुद्ध लड्न राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको समन्वयमा ‘परिश्रम’ परियोजना सञ्चालनमा ल्याइएको छ ।

फ्रिडम फन्डको आर्थिक सहयोग र एक्सन एड नेपालको सहकार्यमा सन् २०२६ जनवरीदेखि २०२७ डिसेम्बरसम्म सञ्चालन हुने यस परियोजनाले मुक्त बँधुवा तथा अनौपचारिक श्रमिकलाई सङ्गठित गर्दै अधिकारका लागि आवाज उठाउन सशक्त बनाउने लक्ष्य लिएको छ । परियोजना कञ्चनपुरका नौवटै स्थानीय तहमा सञ्चालन भइरहेको जनाइएको छ ।

परियोजनाका संयोजक हरि सिंह बोहराले श्रम कानुनको प्रभावकारी कार्यान्वयन, बाल श्रम न्यूनीकरण र श्रमिकको सामाजिक सुरक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले परियोजना सञ्चालन गरिएको बताए ।

उनका अनुसार अनौपचारिक श्रमिक राज्यको निगरानीभन्दा बाहिर रहेकाले बिमा, सामाजिक सुरक्षा, ट्रेड युनियन अधिकार तथा नियमित अनुगमनबाट वञ्चित छन् । “श्रममा बाध्य पारिएका बालबालिकालाई शैक्षिक सामग्रीसहित परियोजनाको कार्यक्रमअन्तर्गत विद्यालय भर्ना गर्छौं,” उनले भने, “जसले शिक्षामा पहुँच प्रदान गर्छ र श्रममा फर्कने जोखिमलाई कम गर्न मद्दत पुऱ्याउने विश्वास लिएका छौं ।”

जिल्लाको दररेटभन्दा कम ज्यालामा काम गर्नुपर्ने, सुरक्षा सामग्री (मास्क, पञ्जा, बुट) को अभाव तथा दैनिक हाजिरी प्रणाली नहुँदा श्रमिकको अवस्था कमजोर रहेको उनले बताए । “श्रमिकलाई स्वतन्त्र रूपमा रोजगारदाता छान्न पाउने, ज्यालामा सौदाबाजी गर्न सक्ने र भयरहित वातावरणमा काम गर्न पाउने अधिकार सुनिश्चित गरिनुपर्छ,” उनले भने ।

राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष ईश्वर सुनारले पुरुषको तुलनामा महिलालाई कमजोर ठान्ने सामाजिक सोचका कारण ज्यालामा विभेद भइरहेको उल्लेख गर्दै समान कामका लागि समान ज्याला लागू गर्नुपर्नेमा जोड दिए ।

राष्ट्रिय हलिया मुक्ति समाजका अध्यक्ष सिवी लुहारले श्रमिक सङ्गठित भई तोकिएको ज्यालाभन्दा कममा काम नगर्ने अठोट आवश्यक रहेको बताए । जोखिमयुक्त काममा अनिवार्य रूपमा सुरक्षा सामग्री र बिमाको व्यवस्था हुनुपर्ने उनको भनाइ छ । बाध्यकारी श्रम हुनुका कारणहरूमा गरिबी, अशिक्षा, ऋण, भूमिहीनता, विभेद रोजगारीको अभाव, जनचेतनाको कमी र सरकारी नीतिको कमजोर कार्यान्वयन जिम्मेवार रहेको उनले बताए ।

# कर्णाली रङ्गशालाको काम छिटो टुङ्ग्याउन मुख्यमन्त्रीको निर्देशन

**युग संवाददाता**
**सुर्खेत, ३० चैत ।**

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले निर्माणाधीन प्रदेश रङ्गशालाको काम छिटो टुङ्ग्याउन निर्देशन दिएका छन् । कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सुर्खेत वीरेन्द्रनगरमा बसेको बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री कँडेलले रङ्गशालाको काम सम्पन्न गरी १० औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारीमा लाग्न निर्माण व्यवसायीका साथै परिषद्का पदाधिकारीलाई निर्देशन दिएका हुन् ।

रङ्गशालाको काम टुङ्ग्याउन बजेटसमेत विनियोजन भइसकेको बताउँदै उनले बाँकी काममा ढिला गर्न नहुने जनाए । रङ्गशाला निर्माणको बाँकी काम सम्पन्न गरेर हस्तान्तरण गर्ने वातावरण मिलाउन निर्माण व्यवसायी तथा सरोकारवाला पक्षलाई सक्रिय हुन उनले आग्रह गर्दै उनले भने, “अब कुनै पनि कारण देखाएर काम रोक्ने अवस्था रहनु हुँदैन । सबै पक्ष मिलेर छिटोभन्दा छिटो निर्माण सम्पन्न गर्नुपर्छ ।”

**चौरजहारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौरजहारी, रुकुम (पश्चिम भाग)**
**कर्णाली प्रदेश, नेपाल**

**व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धी सूचना**

**(प्रकाशन मिति : २०८२ चैत्र ३० गते)**

२०८३ साल वैशाख १ गतेदेखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने कार्य रहेकोले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइँ जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको पैतीस दिन भित्र आफ्नो स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा गई अनिवार्य रुपमा दर्ता गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**व्यक्तिगत घटना दर्ता किन गर्ने ?**
– बालबालिकालाई विद्यालय भर्ना गर्न,
– सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न,
– नागरिकता, राष्ट्रिय परिचयपत्र, राहादानी र नावालक परिचयपत्रको वनाउन,
– बैङ्कमा खाता खोल्न,
– राज्यबाट प्राप्त हुने अन्य सेवा लिन तथा आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागि ।

व्यक्तिगत घटना दर्ता गर्नु गराउनु सबै नागरिकको कर्तव्य हो । व्यक्तिगत घटना घटेको पैतीस दिन भित्र व्यक्तिगत घटना दर्ता गरि जिम्मेवार नागरिकको परिचय दिऔं। थप जानकारीका लागि सम्बन्धित वडाको स्थानीय पञ्जीकाधिकारीको कार्यालय वा सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा इकाइमा सम्पर्क गर्नुहोस् ।

**प्रमुख प्रशासकीय अधिकृत**

**सुर्खेत मोडेल एकेडेमी**
**वीरेन्द्रनगर-८, सुर्खेत**

**कक्षा ६ देखि ९ सम्म पुर्ण छात्रवृत्ति सम्बन्धी सूचना**

**मिति : २०८२।१२।०६**

शैक्षिक सत्र २०८३ का लागि यस विद्यालयद्धारा प्रदान गरिने जेहेन्दार छात्रवृत्तिका लागि तपसिल बमोजिमको दरखास्त आवह्वान गरिन्छ । दरखास्तको फारम विद्यालयको कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ । साथै Surkhet Model Academy को फेसबुक पेजमा रहेको google link बाट समेत दरखास्त फारम भर्न सकिने छ ।

**तपसिल**

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १. | दरखास्त फारम भर्ने अन्तिम मिति | २०८३ बैशाख ०३ गते सम्म |
| २. | लिखित परिक्षा | २०८३ बैशाख ०४ गते बिहान ११:०० बजे देखि १:०० बजे सम्म |
| ३. | मौखिक परिक्षा | २०८३ साल वैशाख ०५ गते बिहान १०:०० बजे देखि |
| ४. | नतजा प्रकाशन | २०८३ साल वैशाख ०६ गते |

**नोट : छात्रवृत्ति सम्बन्धी विवरण**

| कक्षा | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|
| संख्या | १० | १० | १० | १० | ४० |

**परिक्षाको पाठ्यक्रम**

शैक्षिक सत्र २०८२ मा अध्ययन गरि सकेको कक्षाको पाठ्यक्रम अनुसार नेपाली, अंग्रेजी, गणित र विज्ञान विषयबाट प्रश्नहरु सोधिने छ ।

*(नोट : शिक्षा क्षेत्रमा कार्यरतहरुबाट एक छात्रवृत्ति छनोटका लागि स्वतन्त्र र निष्पक्ष समिति गठन गरिएको र सम्पूर्ण छनोट अधिकार उक्त छनोट समितिमा रहेको जानकारी गराइन्छ )।*

**विस्तृत जानकारीका लागि निम्न मोबाइल नम्बरमा सम्पर्क गर्न सकिने छ । ९८४८१२०१४८, ९८६०९१७६७४, ९८५१०४१३३३, ०८३-५२०४४२**




**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।